आज मिति २०७५ साल बैशाख २३ गते आइतवारका दिन नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णय देहायबमोजिम रहेको छ ।

**<u>उपस्थिति</u>**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उप प्रमुख | श्री मिरा जोशी | अनुपस्थिति |
| वडाध्यक्ष | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष | श्री तोत्रबहादुर कुवंर | उपस्थित |
| वडाध्यक्ष | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री कल्पना पोखेल | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री मधुमाया घर्ती | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री सुनसरी गुरुङ्ग | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री नरीमाया राना | उपस्थित |
| सदस्य सचिव | श्री हरिप्रसाद बांस्तोला | उपस्थित |
| वरिष्ठ आ.ले.प. अधिकृत | श्री कुमारकन्चन जि.सी. | उपस्थित |
| ईन्जिनियर | श्री रविन्द्रलाल मुल | उपस्थित |
| शाखा अधिकृत | श्री रामेश्वर लामिछाने | उपस्थित |
| कम्प्यूटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |

**<u>निर्णयहरु</u>**

**<u>निर्णय नं.१:</u>** व्यास नगरपालिका क्षेत्रभित्र बिभिन्न संघ संस्थाको भवन निर्माण गर्दा कुल जग्गाको क्षेत्रफल मध्ये ५०% (पचास) जग्गा (Ground Coverage) छोड्नु पर्ने व्यवस्था रहेकोमा सो व्यवस्था थोरै क्षेत्रफल भएका संघ संस्थाहरुको भवन निर्माण गर्न कठिन भएकाले उक्त ०-५-०-० भन्दा कम क्षेत्र भएमा ५०% मापदण्डलाई ३०% कायम गरी भवन निर्माण गर्न स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं.२:** यही २०७५ साल बैशाख २ गते व्यास न.पा.द्वारा आयोजित म्याराथन दौड प्रतियोगिताको कार्यक्रम प्रमुख अतिथिको रुपमा प्रदेश नं ४ का माननीय मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ्गलाई अनुरोध गर्ने साथै प्रदेश नं ४ का माननीय मन्त्रीहरु र माननीय प्रदेश सांसद तथा पूर्व माननीय सांसदहरुलाई अतिथिको रुपमा आमन्त्रण गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** व्यास नगरपालिकाद्वारा लिइने तथ्यांकका लागि आवश्यक गणक १२ कक्षा पास गरेकालाई वडा कार्यालयबाट सिफारिस गरी पठाउने र तिनीहरुलाई न.पा.द्वारा एक महिनाका लागि करारमा नियुक्ति गर्ने साथै २०७५ जेष्ठ ५ गतेबाट गणना कार्य शुरु गर्ने गरी न्यूनतम ४ दिनको प्रशिक्षण दिने निर्णय गरियो ।

**निर्णय नं.४:** विद्यालय व्यवस्थापन समितिको गठन २०७५ साल जेष्ठ १५ गतेभित्र गरिसक्नुपर्ने नियमानुसार विद्यालय व्यवस्थापन समितिमा व्यास नगरपालिकाको तर्फबाट प्रतिनिधिका रुपमा १ जना रहने व्यवस्था शिक्षा नियमावलीले गरेकोले आआफ्नो वडाका जनप्रतिनिधिहरुलाई कुनकुन विद्यालयमा तोक्ने हो सोको विवरण २०७५ जेष्ठ ७ गते भित्र न.पा. कार्यालयमा सिफारिस गरी पठाउन वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५:** पृथ्वी राजमार्गको दायांबायां ७५ फिट भित्र बनेको संरचनाहरु हटाउन न.पा.द्वारा मिति २०७५/०१/२१ मा आयोजित सरोकारवालाहरुसँगको बैठकबाट भएको निर्णय जानकारी गराइयो । साथै ७५ फिट भित्र बनेका संरचना हटाउने कार्यलाई अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.६:** यस व्यास नगरपालिका कार्यालयका लागि आवश्यक नगर प्रहरी जवान ९ र महिला नगर प्रहरी ५ जना करार सेवामा नियुक्ति गरिएकोमा नगरपालिकाको कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाउन नगर प्रहरी जवानको संख्या कम भएको र गोल्डेन ह्याण्डसेकको अवसरबाट अवकाश लिएका २ जना नगर प्रहरीको स्थान रिक्त भएको अवस्थामा वैकल्पिक सूचीमा रहेका निम्न व्यक्तिहरुलाई नगर प्रहरी जवान पदमा मिति २०७५।०१।१३ देखि लागू हूने गरी करारमा नियुक्ति गर्ने निर्णय गरियो ।

**तपशिल**

| स.नं. | रो.नं. | उम्मेवारको नामथर | बाजेको नाम | बावुको नाम | स्थायी ठेगाना |
|---|---|---|---|---|---|
| १ | ५ | राजेन्द्रबहादुर कुमाल | | बुद्धवहादुर कुमाल | व्यास ०५ |
| २ | ४४ | गोबिन्दबहादुर नेपाली | ललबहादुर | सुकबहादुर सार्की | म्याग्दे ०७ |

**निर्णय नं ७:** व्यास नगरपालिका भित्र भएका आगलागी, वर्षा तथा हावाहुरीद्वारा क्षति पुगेका निम्न अनुसारको संस्था वा निवेदकहरुलाई दैवी प्रकोप विपद व्यवस्थापन स्वरुप निम्न रकम उपलव्ध गराउने निर्णय गरियो ।

| सि.नं | वडा नं | निवेदकको नाम | उपलव्ध गराउने रकम |
|---|---|---|---|
| १ | ६ | सिन्धु पुस्तकालय, अम्बिकाप्रसाद पण्डित अध्यक्ष | रु.८०,०००। |
| २ | ९ | बुद्धिकुमार श्रेष्ठ | रु.७,०००। |
| ३ | ११ | प्रकाश राना | रु.१०,०००। |
| ४ | ५ | दिपकबहादुर खत्री | रु.१०,०००। |

| | | | |
|---|---|---|---|
| ५ | ५ | विनिसा ओझा | रु.१०,०००। |
| ६ | ६ | प्रमिला पण्डित | रु.१०,०००। |
| ७ | १० | श्रीकृष्ण आचार्य | रु.१०,०००। |

**<u>निर्णय नं.८:</u>** यस न.पा.भित्र संचालन गरिने निम्न अनुसारका कार्यक्रम तथा योजनाहरुमा निम्नानुसारको रकम बिनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं | वडा नं | कार्यक्रम तथा योजनाको नाम | विनियोजित रकम |
|---|---|---|---|
| १ | १० | अनन्त युवा क्लव स्वास्थ्य शिविर संचालन | ३०,०००। |
| २ | ७ | क्यामिन कालिका टोल विकास संस्था | ४०,०००। |
| ३ | ४ | मिनबहादुर गुरुङ्गको घरदेखि दरै खोल्सीसम्म कालोपत्रे र नाला निर्माण | ३,००,०००। |
| ४ | ७ | श्री क्यामिन मा.वि. भवन निर्माण | ३,००,०००। |
| ५ | १ | पव्लिक क्याम्पस प्राध्यापक संघ आदिकवि भानुभक्त क्याम्पस इकाई चौतारो निर्माण | १,००,०००। |
| ६ | ३ | जनभावना नेवाः खलः मिसाः पुचः नेतृत्व विकास उद्घोषण तालिम संचालन | ६०,०००। |
| ७ | | नेपाल ट्रेड युनियन कांग्रेसको कार्यक्रम संचालन | ३०,०००। |
| ८ | ११ | कोकलडाँडा टोल सुधार बाटो स्तरीकरण | ६४,०००। |
| ९ | ११ | तनहुँशुर बाटो मर्मत | २८१५०। |
| १० | | तनहुँ जिल्ला दुग्ध उत्पादक सहकारी संघ लि. दुध चिस्याउने मेशिन खरिद | ६,००,०००। |
| ११ | | जिल्ला सहकारी संघ संस्थागत व्यवसाय प्रबर्द्धन अनुदान | ३,००,०००। |
| १२ | | जिल्ला कृषि सहकारी अनुदान | १,००,०००। |
| १३ | | JCI व्यास नगरलाई नगरका बालबालिकाहरुको क्षमता अभिबृद्धि कार्यक्रम | ५०,०००। |
| १४ | | नेपाल स्काउट जिल्ला स्काउट दमौलीलाई विभिन्न विद्यालयका शिक्षक शिक्षिकाहरुलाई तालिम संचालनका लागि | ३०,०००। |

**<u>निर्णय नं.९:</u>** व्यास नगरपालिकाका लागि आवश्यक Vehicla Jeep खरिद गर्ने सम्बन्धी सिलबन्दी बोलपत्र माग गरिएकोमा न.पा. कार्यलयमा बोलपत्र दर्ता गराउने एकमात्र बोलपत्रदाता श्री बतास ब्रदर्श प्रा.लि. पोखरा ९ नयाँ बजार कास्कीको (मु.अ.क.समेत) रु.६३,००,०००। (अक्षरुपी त्रिसठ्ठी लाख मात्र) को बोलपत्र स्वीकृत गरी Vehicla Jeep खरिद प्रकृया अगाडि बढाउन मनासिव देखिएको भनी मूल्यांकन समितिद्वारा पेश हुन आएकाले उक्त प्रस्तावलाई स्वीकृत गरी खरिद प्रकृयालाई अगाडि बढाउने निर्णय गरियो ।

***<u>निर्णय नं.१०:</u>*** व्यास न.पा.का लागि आवश्यक ७ थान मोटर साइकल खरिद गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान गरिएकोमा प्राविधिक स्पेशिफिकेशन रहेको तथा न.पा. कार्यालयका विभागीय लागत अनुमानमा सबैभन्दा बढी प्रतिशत अंक घटी दरभाउपत्र दर्ता गराउने श्री सुन्दर अटोवर्क शुक्लागण्डकी ४ दुलेगौडा तनहुँले दर्ता गराएको न.पा. कार्यालयको विभागीय लागत

अनुमान (भ्याट समेत) रु.१६,१०,०००। भन्दा  १४.७५ प्रतिशत घटी अर्थात रु.१३,७२,७००। अंक बरारको दरभाउपत्र स्वीकृतिका लागि मूल्यांकन समितिबाट पेश हुन आएको दरभाउपत्र स्वीकृतको प्रस्तावलाई स्वीकृत गरी मोटर साइकल खरिद प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.११:** व्यास न.पा.का लागि आवश्यक ३ थान स्कुटर खरिद गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान गरिएकोमा प्राविधिक स्पेशिफिकेशन बमोजिम रहेको तथा न.पा. कार्यालयको विभागीय लागत अनुमानमा सबैभन्दा बढी प्रतिशत अंक घटी दरभाउपत्र दर्ता गराउने श्री सुन्दर अटोवर्क शुक्लागण्डकी ४ दुलेगौडा तनहुँले दर्ता गराएको न.पा.कार्यालयको विभागीय लागत अनुमान (भ्याट सहित) रु.५,४०,०००। भन्दा कम १७.२२ प्रतिशत घटी अर्थात् रु.४,४७,०००। अंक बराबरको दरभाउपत्र स्वीकृतिका लागि मूल्यांकन समितिबाट पेश हुन आएको दरभाउपत्र स्वीकृतको प्रस्तावलाई स्वीकृत गरी स्कुटर खरिद प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१२:** व्यास न.पा. वडा नं ३ स्थित दमौली अस्पताल मार्गको प्रवेशद्वारदेखि अस्पतालसम्मको मार्गको कालोपत्रे निजी लगानीमा गर्न तथा मार्गको नामाकरण समेत गर्न हरिशान्ति सप्लायर्सका प्रोपाइटर सुरेश घिमिरेले स्वीकृतिको माग गर्नु भएको र ३ नं. वडा समितिको सिफारिस समेत प्राप्त भएकाले उक्त कालोपत्रे गर्न स्वीकृति दिने र मार्गको हरिशान्ति स्नायु मार्ग नामाकरण गर्न सहमति दिने निर्णय गरियो ।

**निर्णय नं.१३:** व्यास ३ अन्तर्गत बुद्धपार्क टोलमा निर्माण गर्न लागिएको वधस्थलका लागि उपभोक्ताहरुले १०% प्रतिशत लागत व्यहोरी योजना संचालन गर्न पाउ भनी दिएको निवेदन उपर छलफल हुँदा मनासिव देखी १०% प्रतिशत नै लागत सहभागिता गराउने निर्णय गरियो ।